नेपाल सरकार

## उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय

## ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)

### आयोजना व्यवस्थापन कार्यालय, इटहरी-२०, तरहरा सुनसरी

# सीप विकास तथा रोजगार सेवा प्रदान गर्नको लागि आशयपत्र माग गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७४/११/२९

१. ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) ले आ.व. २०७४/०७५ का लागि व्यवसायिक सीप विकास तालिम तथा रोजगार सेवा तोकिएको समूह, संख्या, अवधि र स्थानमा सञ्चालन गर्नुपर्ने भएकोले तालिम तथा रोजगार सेवा सञ्चालन गर्नको लागि इच्छुक फर्म वा कम्पनीहरुसँग आशयपत्र माग गरिएको छ।

२. प्रस्तावित तालिम कार्यक्रमहरु प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको पाठ्यक्रमको आधारमा सञ्चालन हुने र तालिम कार्यक्रमको खर्च उद्योग मन्त्रालयबाट सञ्चालित ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) को श्रोतबाट व्यहोरीने छ।

३. व्यवसायिक सीप विकास तालिम सञ्चालन हुने निम्न बिषयगत समूहहरु रहेका छन्।

(क) निर्माण समूह
(ख) मेकानिकल समूह
(ग) अटोमोवाइल समूह
(घ) स्वास्थ्य समूह
(ङ) सञ्चार प्रविधि समूह
(च) विद्युत समूह
(छ) टेक्स्टायल (गार्मेन्ट तथा सिलाइ) समूह
(ज) पर्यटन तथा आतिथ्यता समूह

४. व्यवसायिक सीप विकास तालिम तथा रोजगार सेवा सञ्चालन गर्नुपर्ने प्रदेश तथा जिल्लाहरुः
प्रदेश नं. १ः मोरङ्ग, सुनसरी, धनकुटा, भोजपुर, तेह्रथुम, खोटाङ्ग, ओखलढुङ्गा र उदयपुर
प्रदेश नं. २ः सप्तरी, सिरहा, धनुषा, सर्लाही, महोत्तरी, रौतहट र बारा
प्रदेश नं. ३ः सिन्धुली

५. आ.व. २०७४/०७५ का लागि व्यवसायिक सीप विकास तालिम तथा रोजगार सेवा सञ्चालन गर्नुपर्ने जम्मा लक्षित संख्याः ५२०० जना

६. आशयपत्र पेश गर्ने फर्म वा कम्पनीको न्यूनतम योग्यता देहाय बमोजिम हुनुपर्ने छ।
(क) फर्म वा कम्पनी नियमानुसार दर्ता/नविकरण भएको।
(ख) स्थायी लेखा नं. र मु. अ. करमा दर्ता भएको।
(ग) आ. व. २०७२/०७३ र २०७३/०७४ को कर चुक्ता गरेको।
(घ) समान प्रकृतिको काममा विगत पाँच वर्षदेखि संस्थागत भई काम गरेको अनुभव भएको।
(ङ) आ. व. २०७२/०७३ र २०७३/०७४ मा न्यूनतम तीस लाख बराबरको बार्षिक कारोवार गरेको।
(च) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त/नविकरण गरेको।
(छ) सम्बन्धित विषयमा तालिम सञ्चालन गर्नको लागि प्राविधिक र आर्थिक रुपमा सक्षम तथा अनुभव र योग्यता भएको।
(ज) आशय पत्र पेशगर्ने फर्म वा कम्पनीको उद्देश्य र यस परियोजनाको उद्देश्यसँग मेल खाएको हुनु पर्ने।
(झ) प्रचलित कानुन बमोजिम कुनै पनि कानूनी कारवाही नभएको।

६. आशय पत्रसाथ दाताले देहाय अनुसार कागजात र विवरण पेश गर्नुपर्नेछः
(क) फर्म वा कम्पनीको दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. र मु. अ. करमा दर्ता प्रमाणपत्रको प्रतिलिपि।
(ख) आ.व. २०७२/०७३ र २०७३/७४ को सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी।
(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्ध प्राप्त प्रमाण पत्र र नविकरणको प्रतिलिपी।
(घ) फर्म वा कम्पनीको विवरण, संगठन र जनशक्तिको विवरण।
(ङ) विगत पाँच वर्षमा सञ्चालन गरेको समान प्रकृतिको काम, स्थानको विवरण। कार्य अनुभव पेश गर्दा सम्वन्धित निकाय, दातृ संस्था वा कार्यक्रमले उपलब्ध गराएको अनुभव पत्र वा सम्झौताको प्रतिलिपी पेश गर्नु पर्ने छ।
(च) प्रचलित कानुन वमोजिम कुनै कारवाही नभएको स्वघोषणा।

७. दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा आशय पत्र पेश गर्न पाइने छैन।

८. आशयपत्रदाताको योग्यता, अनुभव र क्षमताको मुल्याङ्कन गरी आयोजनाले सम्बन्धित सेवा दिन सक्ने योग्य आशयपत्रदाताहरुको छनोट गरी संक्षिप्त सूची तयार गर्नेछ। संक्षिप्त सूचीमा परेका फर्म वा कम्पनीबाट मात्रै तालिम तथा रोजगार सेवा प्राप्त गर्न प्राविधिक र आर्थिक प्रस्ताव माग गरिनेछ।

९. प्रस्तावित कार्यक्रम आगामी आर्थिक वर्षबाट सञ्चालन भई एक बर्षमा सम्पन्न गर्नुपर्ने छ।

१०. आशयपत्र पेश गर्ने फर्म वा कम्पनीले बढीमा माथि उल्लेखित तीन बिषयगत समूह र बढीमा ५०० जना प्रशिक्षार्थीका लागि आशय पत्र पेश गर्न सकिने छ।

१२. यो सूचना प्रकाशित मितिले १५ दिनभित्र यस आयोजना व्यवस्थापन कार्यालय इटहरी उप-महानगरपालिका-२०, सुनसरीमा आशयपत्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ। अन्तिम मितिको दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समयमा दर्ता गर्न सकिने छ। म्याद नाघी वा रित नपुगी प्राप्त आशयपत्र उपर कुनै कारवाही गरिने छैन।

१४. आशयपत्रदाताहरुबाट पेश गरिने कागजातहरुको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गर्नुपर्नेछ।

१५. आशयपत्र उपर कुनै कारण जनाइ वा नजनाई छनोट र सुचिकृत गर्ने वा नगर्ने अधिकार आयोजना व्यवस्थापन कार्यालयमा निहित रहनेछ।

१६. यस सम्बन्धि थप जानकारीको लागि यस आयोजना व्यवस्थापन कार्यालय उपस्थित भइ वा फोन नं. ०२५-४७६४७६, ४७५८७६ मा सम्पर्क गर्न सकिनेछ।

**ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)**
आयोजना व्यवस्थापन कार्यालय, इटहरी-२०,
तरहरा, सुनसरी, नेपाल
फोन नं. ०२५-४७६४७६, ४७५८७६
ईमेलः rerpsamriddhi.itahari@gmail.com